जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१
तराई मधेशको लोकप्रिय पत्रिका
# मार्गानुगामी
राष्ट्रिय दैनिक
MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः ११, अंकः २०२ पृष्ठः ४ | २०८१ मंसिर २४ गते सोमबार (Monday 09 Nov. 2024) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## मेयर साम्पाङले लेखे सरकारलाई तीन पत्र

**अर्जुन सुवेदी**

सुनसरी, २३ मंसिर। धरान उपमहानगरपालिकाका नगर प्रमुख हर्क साम्पाङले आफूविरुद्ध समाचार लेख्ने पत्रकारलाई कारबाही गर्ने मागसहित केन्द्र सरकारलाई तीनवटा पत्र पठाएका छन्। आफूविरुद्ध समाचार लेख्ने पत्रकार र नदीजन्य पदार्थ उत्खनन गर्नेमाथि कारबाही गर्न गृह मन्त्रालयलाई दुइटा र प्रशासकीय अधिकृत पठाइदिन सामान्य प्रशासन मन्त्रालयलाई गरी तीनवटा पत्र पठाएका हुन्।

आइतबार पत्रमार्फत साम्पाङले आफूविरूद्ध समाचार लेखेका पत्रकारलाई कारबाही गर्न गृहमन्त्री रमेश लेखकलाई आग्रह गरेका छन्। खोज पत्रकारिता केन्द्रका लागि पत्रकार गोपाल दाहालले 'हर्क साम्पाङको मनमौजी शासन, बेथितिको दलदलमा धरान' शीर्षकमा समाचार लेखेका थिए। उक्त समाचार प्रकाशित भएलगत्तै आक्रोशित बनेका नगर प्रमुख साम्पाङले दाहालसहित पत्रकार महासंघ सुनसरी अध्यक्ष जनकऋषि राईलाई कारबाही गर्न गृहमन्त्री लेखकसँग माग गरेका छन्।

पत्रकार दाहालले समाचारमा आफूलाई नक्कली माओवादी बनेर चन्दा असुलेको उल्लेख गरेको र उक्त विषय झूटो भएको साम्पाङले गृहमन्त्रीलाई लेखेको पत्रमा दाबी गरिएको छ। उक्त समाचारलाई जनकऋषिले दुष्प्रचार गरेको साम्पाङको आरोप छ।

साम्पाङले पत्रमा लेखेका छन्, 'दुवैलाई कानुन मुताबिक कारबाही गरी लोकतन्त्रमा नागरिकको मताधिकार र जनादेशबाट निर्वाचित नगर प्रमुखजस्तो पदलाई अपमान र अनादर गरी भ्रम फैलाउने तथा मानहानि गरी

–बाँकी दुई पेजमा

## लालबन्दीका तीन छात्र मिलेर इभी ट्र्याक्टर बनाए

सर्लाही, २३ मंसिर। कक्षा ११ र १२ पढ्दै गरेका तीन छात्रले मिलेर विद्युतीय ट्र्याक्टर निर्माण गरेका छन्। लालबन्दी नगरपालिका–९ बस्तीपुरस्थित आइडियल कोएड एकेडेमीका छात्रले विद्युतीय ट्र्याक्टर निर्माण गरेका हुन्। विद्यालयको १२ कक्षामा अध्ययनरत पल्लव कौशिक, नवराज बस्नेत र आशिष महतोले विद्यालयको सहयोगमा ब्याट्रीबाट चल्ने ट्र्याक्टर निर्माण गरेका प्रधानाध्यापक राजु पञ्जियारले जानकारी दिनुभयो। उक्त ट्र्याक्टरबाट साना किसानले खेतीपातीमा राम्रो सुविधा लिन सक्ने विद्यालयका विज्ञान शिक्षक सविन चौधरीको भनाइ छ। उक्त इभी ट्र्याक्टरमा १२ भोल्टेज एक सय ५० एम्पिएरको चारवटा ब्याट्री प्रयोग गरिएको इलेक्ट्रिक पाटे सम्हालेका छात्र आशिष चौधरीले बताए। तीन पाङ्ग्रे ट्र्याक्टरमा सामान बोक्ने ट्रली र खेत जोत्न रोटाभेटर जडान गरिएको छ।




ट्र्याक्टरमा ट्रलीको सामान हाइड्रोलिकको सहायताले खन्याउने सुविधा पनि छ। "रोटाभेटर समेत निकै उच्च गुणस्तरको रहेकाले खेत राम्रोसँग जोत्न मिल्छ", छात्र पल्लव कौशिकले भने, "थोरै खेत भएका साना किसानका लागि जोत्न, गोडमेल गर्न तथा सामान्य बालीनाली खेतबाट बजारसम्म लैजान सुविधा हुन्छ।" विज्ञान तथा प्रविधिमा निकै चाख मानेर पढ्ने छात्रहरूको अन्तरनिहीत क्षमता बाहिर ल्याउने उद्देश्यसहित इभी निर्माणमा प्रोत्साहन गरिएको प्रधानाध्यापक पञ्जियारले बताउनुभयो। "सानो हौसलाले उनीहरूले ठूलो क्षमता प्रदर्शन गरेका छन्", उहाँले भन्नुभयो, "राष्ट्रिय आविष्कार केन्द्रका प्रमुख वैज्ञानिक महावीर पुनले समेत छात्रलाई सामानसहित लगेर थप स्तरीय बनाउने र व्यावसायिक बनाउने प्रतिबद्धता व्यक्त गर्नुभएको छ।"

छात्रहरूले गत मंगलबार र बुधबार बलरा नगरपालिका–४ गडहिया डुमरियामा भएको दुईदिने जिल्लास्तरीय विज्ञान प्रदर्शनीमा उक्त ट्र्याक्टर प्रदर्शन गरेका थिए। आधुनिक प्रविधिको प्रयोगबाट निर्माण गरिएकाले यसले व्यावसायिक सफलता पाउने छात्रहरूको दाबी छ। अहिलेलाई क्षमता प्रदर्शनको माध्यम भए पनि नयाँ कुराको आविष्कार रुचिको विषय भएको छात्र कौशिक

–बाँकी दुई पेजमा



CITY TRADE CONCERN
Hero Showroom Lahan-3, Global Bank को तल, पूर्व बस स्टेण्ड
Contact No. 033-565201, 565202, 9852831698

## रौतहटको गढीमाई मन्दिरमा दिइयो बलि



**मदन ठाकुर**

रौतहट, २३ मंसिर। रौतहटको गढीमाई मन्दिरहरुमा राँगा बलि दिइएको छ रौतहटको गढीमाई नगरपालिका ४ सुन्दरपुरमा बिहान ११ बजेदेखि राँगा बलि दिन थालिएको हो। मन्दिरको मूल पूजा समितिले मुसा, बोका, कुखुरा, राँगा र सुँगुरको बलि दिएपछि सर्वसाधारणले भाकल गरेको आधारमा राँगा बलि दिइएको हो। बलिका लागि मन्दिरमा ६२५ राँगा प्राप्त भएको मेला समितिका प्रवक्ता दीपेन्द्र श्रेष्ठले जानकारी गराएका छन्। गढीमाई ४ सुन्दरपुरसँगै

–बाँकी दुई पेजमा



GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 9801591693 | 9819784901

## ६० किलो चाँदी बरामद

**लक्ष्मी साह**

बारा, २३ मंसिर। प्रहरीले १ करोड २ लाख बराबरको ६० किलो चाँदीसहित १ जनालाई शनिबार पक्राउ गरेको छ। जिल्ला बारा कलैया उपमहानगरपालिका–५ घुसुकपुरका ३६ वर्षीय कर्म साह सोनार चाँदी, स्कुटीसहित पक्राउ परेका हुन्। जिल्ला प्रहरी कार्यालयका प्रहरी प्रवक्ता डीएसपी प्रकाश सापकोटाकाअनुसार पथलैया– हेटौंडा सडक खण्डको जीतपुरसिमरा उपमहानगरपालिका–२१ अमलेखगन्जबाट चाँदी बरामदसहित एक जनालाई पक्राउ गरिएको हो। वीरगन्जबाट हेटौंडातर्फ जाँदै गरेको वाग्मती प्रदेश ०३–००५ प ३२६ नम्बरको स्कुटीलाई रोकी जाँच गर्दा उक्त स्कुटीको खुट्टा राख्ने ठाउँमा फल्स बटम बनाई लुकाइछिपाई लगिरहेको चाँदी बरामद गरिएको उनले बताए। यसबारे थप अनुसन्धान भइरहेको डीएसपी सापकोटाले बताए। अमलेखगन्ज इलाका प्रहरी कार्यालयका सई टेकबहादुर कार्कीको टोलीले चाँदी बरामद गरेको हो। सुराकीले दिएको सूचनाको आधारमा चाँदी बरामदसहित सोनारलाई पक्राउ गरिएको प्रहरीले जनायो।

# सम्पादकीय

## ज्यादतीको निष्पक्ष छानबिन गर !

सहकारी बचत अपचलनसम्बन्धी संसदीय छानबिन समितिको सिफारिसअनुसार थप अनुसन्धानका लागि राष्ट्रिय स्वतन्त्र पार्टी ( रास्वपा)का सभापति एवं प्रतिनिधि सभा सदस्य रवि लामिछानेलाई प्रहरीले हिरासतमा लिँदा सामान्य कानुनी कारबाहीका रूपमा हेरिएको थियो। तर, पछिल्ला दिनहरूमा लामिछानेमाथि गरिएको अन्यायपूर्ण व्यवहारले भने सरकार इबी साध्न लागेको देखिएको छ। एकातिर प्रहरीले अनुसन्धानका नाममा लामिछानेको हिरासत लम्याउने रणनीति अपनाएको देखियो भने अर्कातिर हिरासतमा उचित व्यवहार नगरिएको गुनासो लामिछानेले गरेका छन्। रास्वपाले त लामिछानेको मानव अधिकार हनन गरिएको आरोप लगाउँदै राष्ट्रिय मानव अधिकार आयोगमा उजुरीसमेत गरेको छ।

सभापति लामिछानेलाई प्रहरीले हिरासतमा लिएपछि रास्वपाका नेता कार्यकर्ताहरूले विभिन्न सहरहरूमा विरोध प्रदर्शन गरेका थिए। त्यसक्रममा विशेषगरी लामिछानेको निर्वाचन क्षेत्र चितवनमा प्रदर्शनकारी र प्रहरीबीच झडपसमेत भएको थियो। कतै, प्रहरी प्रशासनले लामिछानेसँग कार्यकर्ताहरूको रिस त पोखेको होइन ? तर, प्रहरीकै निर्णयबाट मात्र पूर्वगृहमन्त्रीमाथि अमानवीय व्यवहार गरियो होला भन्ने विश्वास गर्न भने सकिँदैन। यद्यपि, सम्यक शक्तिको अभ्यास र संयम प्रदर्शनमा नेपाल प्रहरी प्रायः चुक्दै आएको छ। प्रहरी वा राजनीतिक नेतृत्वको जुनसुकै तहबाट गरिएको भए पनि अन्यायपूर्ण व्यवहार निन्दनीय नै हुन्छ।

रवि लामिछानेलाई हिरासतमा भेट्न गएका व्यक्तिहरूका अनुसार चितवनबाट पोखरा ल्याउने क्रममा प्रहरीले अभद्र तथा आपत्तिजनक व्यवहार गरेको थियो। आधारातमा उठाएर औषधिसमेत सेवन गर्न नदिई प्रहरीले मोटरमा राखेर हिडाउँदा लामिछाने आतङ्कित भएका थिए। उच्च रक्तचापका रोगी लामिछानेको स्वास्थ्यमा त्यस्तो व्यवहारले गम्भीर प्रभाव पार्न सक्थ्यो। लामिछानेमाथि सहकारी बचत अपचलनलगायत मुद्दामा अनुसन्धान गर्नु राज्यको कर्तव्य हो। तर, त्यसका आडमा उनलाई मानसिक यातना दिनु र अमानवीय व्यवहार गर्नु भने ज्यादती नै हो। जानजान लामिछानेलाई सताउने सरकारको बदनियत होइन भने घटनाको निष्पक्ष छानबिन गरेर दोषीमाथि कारबाही गर्नुपर्छ। अन्यथा, यस्तो व्यवहार सरकारका लागि निकै महँगो पर्नेछ।

### मेयर साम्पाङले ...

प्रेस स्वतन्त्रताका नाममा पार्टीगत आग्रह–पूर्वाग्रह राखी लोकतन्त्रलाई नै निकृष्ट र बदनाम गर्ने आपराधिक, असामाजिक, अमर्यादित कृत्य र त्यसबाट हुन जाने विकृतिलाई रोक्न आवश्यक कदम चालियोस् भन्ने अनुरोध छ।' साम्पाङले प्रेस स्वतन्त्रताका नाममा व्यक्ति र पद दुवैको मानहानि गर्नेलाई कारबाही गर्न पनि पत्रमार्फत माग गरेका छन्। शुक्रबार सुनसरीका पत्रकारहरुले साम्पाङको धम्कीपूर्ण अभिव्यक्तिविरुद्ध धरान पुगेका गृहमन्त्री लेखकलाई ध्यानाकर्षण गराएका थिए। त्यसलगत्तै आइतबार कार्यालय खुलेपछि साम्पाङले गृहमन्त्रीलाई पत्र लेख्दै आफूविरूद्ध समाचार लेखेका पत्रकारलाई कारबाहीको माग गरेका हुन्।

आइतबार नै गृह मन्त्रालयलाई दोस्रो पत्र लेखेका साम्पाङले नदीजन्य पदार्थ उत्खनन गर्ने तस्करीको गाडी नियन्त्रणमा लिन माग गर्दै पत्र पठाएका छन्। नेपाली कांग्रेसका कार्यकर्तासमेत रहेका धरान–५ का सन्तोष लिम्बुले सरकारी जग्गामा ढुंगा निकालेर बिक्री गरेको पत्रमा उल्लेख गरेका छन्। मंसिर ४ गतेदेखि नगर प्रहरीलाई ढुंगा झिक्ने गरेको ठाउँमा खटाउनु परेको र नेपाल प्रहरीले सहयोग पनि नगरेको साम्पाङले आरोप लगाएका छन्। उत्खनन र ढुवानीमा प्रयोग भएका सवारी साधनलाई नियन्त्रणमा लिन जिल्ला प्रशासन कार्यालय सुनसरीमा पत्र पठाए पनि काम हुन नसकेकाले गृह मन्त्रालयमा जानकारीसहित पत्र पठाउनुपरेको उनले विज्ञप्तिमा उल्लेख गरेका छन्। गृह मन्त्रालयमा पठाएका दुवै पत्र साम्पाङले जिल्ला प्रशासन कार्यालय सुनसरी र कोशी प्रदेश प्रहरी कार्यालय विराटनगर तथा इलाका प्रहरी कार्यालय धरानलाई समेत बोधार्थ दिएका छन्।

साम्पाङले प्रमुख प्रशासकीय अधिकृत पठाइदिन सामान्य प्रशासन मन्त्रालयलाई पत्रमार्फत आग्रह गरेका छन्। प्रमुख प्रशासकीय अधिकृत नहुँदा काम गर्न गाह्रो भएको भन्दै उनले तत्काल पठाउन आग्रह गरेका छन्।

### लालबन्दीका तीन...

बताउँछन्। कवाडीमा फालिएका मोटरसाइकलका पार्ट्स, विभिन्न साइजका फलामका टुक्रा र काठको प्रयोग गरेर निर्माण गरिएको यस विद्युतीय ट्र्याक्टर निर्माणमा रु एक लाख १५ हजार बढी खर्च भएको छ। आफूहरुको लागि यो निकै ठूलो सिकाइ भएको भन्दै आगामी दिनमा बन्ने ट्र्याक्टर अझै कम मूल्यमा निर्माण सम्पन्न हुने छात्र बस्नेत बताउँछन्।

"हामीले नजानेर केही सामान नास भए, केही बिग्रिए, यसले गर्दा यसमा केही खर्च बढेको छ", उनले भने, "अन्य सामानको परिमाणले समेत थप लागत कम हुने अपेक्षा गरेका छौँ।" यसले गर्दा सामान्यभन्दा सामान्य किसानका लागि यो उपयोगी बन्नेमा आफूहरू ढुक्क रहेको छात्र महतोले बताए। छात्रहरूको मेहनत र क्षमतालाई उनीहरूको चाहनाअनुसार नै थप परिस्कृत गर्ने योजना रहेको विद्यालयले जनाएको छ। इन्धनको रूपमा ब्याट्रीको प्रयोग वातावरणीय हिसाबले उपयुक्त रहेको तथा एकपटक चार्ज गर्दा एक सय ९० किलोमिटरसम्म गुड्ने यसले डिजल, पेट्रोलको दाँजोमा खर्च कम हुने छात्रहरूको दाबी छ। यसमा एकपटकमा ६ क्विन्टलसम्म सामान बोकेर सहजै गुड्ने क्षमता रहेको उनीहरू बताउँछन्।

# घरमा हरघडी तैनाथ महिला, अफिसमा 'आँखालाई सुहाउने' महिला

**सीमा बन**

कार्यालय समयपछि केही कार्यालयका हाकिमहरू चिया गफमा गफिँदै थिए। यसैक्रममा एक जना हाकिमले भने– हाम्रो त एचआर खत्तम भयो, मेरो कार्यालयमा महिला कर्मचारी मात्रै दिएको छ। अर्का हाकिमसा'ब भन्छन के कुरा गर्नु ! मेरो भागमा त झन् सधैं बिदा बस्न तयार भएका पर्छन्। अर्का हाकिम ठट्यौली पारामा थप्छन्– तपाईंहरू त कस्तो भाग्यमानी, मेरोमा त महिला कर्मचारी छन् तर उमेर ढल्केका। काम त ठिकै गर्छिन् तर महिला भएर अलिअलि आँखालाई पनि हुनुपर्छ नि ! तपाईंहरूकोमा हेर्नलायक महिला कर्मचारी रहेछन् गफ गरेर चित्त बुझाउनुस्' गलल्ल हाँसो छोड्छन्।

चिया बनाउँदै गरेकी पसलकी साहुनीलाई पनि यो कुराले चित्त बुझेन कि– हाकिमसा'बहरूलाई निकै गाह्रो रहेछ, रमेश सर हजुरको म्याडम भएको कार्यालयमा पनि हाकिमलाई यस्तै पीर होला कि ? रमेश सरले जवाफ दिए– मेरो म्याडमको हाकिम पनि महिला नै छन्। 'ए त्यसोभए महिला कर्मचारी र पुरुष हाकिम हुँदा पो गाह्रो हुने हो ?' चिया साहुनीको अर्को प्रश्न। तिमी जस्ता राम्रा आए त गाह्रो कहाँ हुन्थ्यो ? उनले यसो भने, अनि रकम बुझाएर पसलबाट बाहिरिए। अर्कोपट्टिको टेबलमा चिया खाजा खाँदै गरेकी मेरो मनमा अनेकौं प्रश्नहरूले उत्तर खोजिरहे ? के महिला कर्मचारीहरू अनुत्पादनशील छन् ? हाकिमहरूका लागि चिन्ताको विषय हुन् त महिला कर्माचारी ? उनको भागमा गर्भवती कर्मचारी परेर गुनासो रे [ प्रकृतिले गर्भादान गर्ने क्षमता महिलालाई दिएको छ। यसलाई सबैले सम्मान गर्नुपर्ने होइन र ?

दुधे बच्चा, रातको अर्धनिद्रा, बिहान हतार–हतारको भान्सा, स्कुले बच्चाको टिफिन, सासू ससुराको दिउँसोको खाजाको बन्दोबस्त अनि कार्यालयका लागि तयारी। आधा होशमा कार्यालय पुग्दासम्म भान्सामा ग्याँस निभ्यो कि बलेकै छ मनमा प्रश्न चलेकै हुन्छ। यता कार्यालयको कामको चाप। सबै समेटेर अहोरात्र कर्ममा खटेका महिलाहरूलाई किन हेय अथवा मजाकको भाव व्यक्त गर्छन् मान्छेहरू ? समाजमा बौद्धिक मानिएका व्यक्तिहरूमा त यस्तो भावना छ भने कसरी हुन्छ समाज रूपान्तरण ? महिलाहरू हरेक कामप्रति संवेदनशील हुन्छन्। सृष्टिको रक्षा गर्ने शक्ति भएकोले पनि परिवार, समाज र आफ्नो जिम्मेवारी सँगसँगै लैजान निपुण हुन्छन्। महिला कर्मचारीको तुलनामा पुरुष कर्मचारीले आफ्नो पेशागत जिम्मेवारीलाई हलुङ्गो रूपमा लिएको पाइन्छ। कामचोर प्रवृत्ति पनि तुलनात्मक रूपमा महिलाहरूमा कमि हुन्छ। तर पनि सहकर्मीहरूले खिसिटिउरी गरिरहेका हुन्छन्। के यो लिङ्गका आधारमा गरिएको हिंसा होइन ?

त्यस्तै अर्को टाठाबाठा जस्ता देखिने महिलाको समूहमा हुनुहुन्थ्यो एक जना सामाजिक अभियन्ता। लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान चलाउन गरिएको कार्यक्रममा प्रमुख अतिथिको रूपमा सरिक भएर आउनुभा'को रे, उहाँको दुःखेसो उस्तै छ। कार्यक्रममा गएर महिला हिंसा विरुद्ध आवाज उठाइरहँदा आफ्नै पीडा बल्झेर धन्न भावुक भइन्। अगुवा बनेर हिंडेपछि देखाउन नमिल्ने पीडित महिलाहरूको न्याय खोज्न हिंड्ने मैरै पतिको हिंसा मैले खोइ कति दिन लुकाउन सक्छु यो समाजमा ? आर्थिक निर्भरता, सन्तानको जिम्मेवारी अनि समाजको सोचलाई हेर्ने हो भने सहनुको विकल्प देखिंदैन।

के उच्च तहका महिलाहरू लैंगिक हिंसाबाट मुक्त छन् ? साँच्चै समाजमा देखिएका अगुवा महिलाहरू स्वतन्त्र छन् ? समाज परिवर्तनका लागि महिला सशक्तीकरणका कार्यक्रमहरू गर्दै आउनुभएका एक जना भद्र– भलाद्मीले स्थानीय निकायमा गरिएको कुनै कार्यक्रमको सन्दर्भमा भन्नुभयो, कार्यक्रम चलाउन सहकर्मीको रूपमा उहाँ म्याडमलाई लिएर आएको बिहान अलि सबेर आउनुपर्ने पारिवारिक महिलालाई समय व्यवस्थापन गर्न गाह्रो हुन्छ। उहाँ एकल हुनुहुन्छ त्यसैले आजभोलि धैरै कार्यक्रम उहाँसँगै गरेको छु। के परिवारको जिम्मेवारी महिलाको प्रगतिका बाधक हुन् ?

महिलाहरू जति आफूलाई सामाजिक र प्रोफेसनल बनाउन खोजेका हुन्छन् उनीहरूमाथि त्यति धेरै जिम्मेवारी थपिएका हुन्छन्। घर–परिवारको हेरविचार महिलाले नै गर्नुपर्ने परिपाटी धेरै परिवारमा कायम छ। एकातर्फ प्रकृतिले नै साट्न नमिल्ने जिम्मेवारी दिएको छ भने परिवार भित्रका अन्य जिम्मेवारी पनि परिवारका सदस्यले साट्न चाहँदैनन्। कतिपय परिवारमा पतिले चाहँदा चाहँदै पनि परिवारको अगाडि श्रीमतीलाई सहयोग गर्नु संकोच मान्ने प्रवृत्ति अझै छ। हाम्रो समाज पितृसत्ताले गाँजेको समाज हो। छोरा र छोरी बीच त थुप्रै विभेद छन् भने छोरी र बुहारी बीच विभेद नहुने कुरै भएन।

कसैले भन्ने गर्छन् मेरो त छोरी छैन बुहारीलाई छोरी जस्तै बनाएर राख्ने हो तर जब बुहारीले छोरीको जस्तो व्यवहार देखाउन थाल्छिन् सासू–ससुरालाई पटक्कै मन पर्दैन। एक जना छोरी बिहान उठ्ने वित्तिकै चियाको कप लिएर पढ्न बस्छिन् तर बुहारीले यो सुविधा कहाँ पाउनु ? आमा र सासूआमाको फरक महसुस गरिरहेकी महिलाले घरधन्दापछि सुत्ने अर्थात् आराम गर्ने समयमा पढ्ने समय निकाल्छिन्। दिनको थकान र रातको अनिद्रालाई सहज बनाएर सफल भएका महिलाहरू कार्यस्थलमा पनि सम्मानित हुन सक्दैनन्।

महिला कर्मचारीको मातहतमा काम गर्दा पुरुष सहकर्मीहरू खुसी देखिँदैनन् त्यति मात्रै होइन सेवाग्राहीको नजरमा समेत महिला कर्मचारी म्याडम होइन बहिनी हुन्छन्। स्कुलमा शिक्षिकाले आमा घरधन्दा गर्नुहुन्छ बुवा पैसा कमाउनुहुन्छ भनेर लेखिएका परम्परागत पाठ्यक्रम हुबहु पढाउँछिन्। यस्ता विभेदकारी सामाजिक मूल्यमान्यताले समाजमा लैंगिक असमानता बढाउन र महिलालाई शक्तिहीन अवस्थामा पुऱ्याउन प्रत्यक्ष योगदान गरिरहेको छ।

सार्वजनिक वा निजी जीवनमा लैंगिक आधारमा शारीरिक, मानसिक, सामाजिक, सांस्कृतिक, आर्थिक तथा यौनिक रूपमा असर पर्ने गरी हुने हिंसालाई लैंगिकतामा आधारित हिंसा भनिन्छ। स्रोत, साधन, अवसर, जिम्मेवारी तथा हकअधिकारको असमान वितरण, सानो उमेरमा वा बालविवाह, महिलालाई घरमा मात्र सीमित राख्नु, महिलाको कामको मूल्यांकन नगरिनु जस्ता लिङ्गको आधारमा हुने हिंसाहरू यस अन्तर्गत पर्दछन्।

लैंगिक हिंसाबाट महिला, पुरुष वा अन्य लिंगी जो कोही पनि पीडित हुनसक्छ। हाम्रो सामाजिक संरचनामा शिक्षा, स्वास्थ्य, रोजगार, सम्पत्ति र निर्णय प्रक्रियामा महिलाको कम पहुँच छ। त्यसैगरी स्रोत परिचालन, शक्तिको प्रयोगमा महिलाको कम अवसर छ। पुरुषप्रधान पारिवारिक संरचनामा पुरुषको नियन्त्रण बढी हुन्छ। त्यसैले लैंगिक हिंसाबाट महिलाहरू बढी पीडित हुने गरेका छन् तर लैंगिक हिंसा भनेको महिला माथि हुने हिंसा मात्र भने होइन।

केन्द्रीय तथ्यांक विभागका अनुसार राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालको जनसंख्या २ करोड ९१ लाख ६४ हजार ५७८ छ। जसमा महिला १ करोड ४९ लाख ११ हजार २७ र पुरुष १ करोड ४२ लाख ५३ हजार ५५१ छन्। अन्य लिंगी २ हजार ९२८ जना छन्। यसरी हेर्दा महिला ५१.०२ प्रतिशत, पुरुष ४८.५८ प्रतिशत र अन्य लिंगी ०.०१ प्रतिशत हुन आउँछ। नेपालमा विक्रम संवत् १९६८ बाट जनगणना गर्न थालिए पनि पाँचौं गणना (२००९/११) देखि मात्र लैंगिक अनुपात तुलना गरियो। त्यतिबेला लैंगिक अनुपात ९६.८ थियो। २०७८ को जनगणनामा भने लैंगिक अनुपात ९५.५९ छ। लैंगिक अनुपात भन्नाले प्रति १०० महिलामा पुरुषको संख्या भन्ने जनाउँछ।

दशौं अर्थात् २०५८ को जनगणनाले लैंगिक समानताको मूल प्रवाहीकरणमा ध्यान दिएको थियो भने २०६८ को जनगणनाले लैंगिक समानता तथा सामाजिक समावेशीकरणलाई प्राथमिकतामा राख्यो। जसलाई २०७८ को गणनाले पनि निरन्तरता दिएको छ।

नेपालको संविधानले लैंगिक विभेद अन्त्य गर्दै समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माण गर्ने लक्ष्य लिएको छ। संविधानको धारा ३८ मा महिलाको हकलाई छुट्टै मौलिक हकका रूपमा स्थापित गरी त्यस अन्तर्गत विभिन्न हकअधिकारको व्यवस्था गरेको छ। राज्यले एकातिर लैंगिक समानताका लागि विभिन्न प्रयास गरेको दाबी गर्ने अर्कोतिर परिवार, समाज र कर्मस्थलमा समेत लैंगिक भेदभाव भने कायम रहने अवस्था देखिएको छ। कानुन बन्दैमा र पर्याप्त अधिकारहरू उल्लेख गर्दैमा सबै महिलाहरू अधिकारसम्पन्न छन् भनेर बुझ्नु गलत हुन्छ।

तथापि महिलाको उपस्थिति पछिल्लो समय राज्यको नेतृत्व तहमा उल्लेख्य रूपमा वृद्धि हुँदै गएको छ। नीति निर्माणको हरेक तह र तप्कामा महिलाको संख्यात्मक र गुणात्मक उपस्थिति बाक्लिंदो छ। हरेक क्षेत्रको नेतृत्व तहमा पुगेका महिलाहरूले अब्बल कार्य सम्पादन गरेर आफूलाई सफलताको मानकको रूपमा स्थापित गरेका छन्। तर यसका लागि महिलाहरूले तुलनात्मक रूपमा बढी संघर्ष गर्नुपरेको छ। एक दशकअघि मात्रै फर्केर हेर्ने हो भने राजनीति, निजामती सेवा सहित विविध क्षेत्रमा महिला सहभागिता औंलामा गनिने अवस्थामा थियो तर पछिल्लो समय परिस्थिति फेरिएको छ। तर पनि अझै हाम्रो समाजमा पुरुष भनेको कमाएर खुवाउन सक्ने शानको रूपमा लिने गरिएको छ।

महिला र पुरुष दुवै मानिस हुन्, केवल लिङ्गका आधारमा मात्र फरक हुन् भन्ने सोच नआउँदा समाजले महिलालाई दोस्रो दर्जामै दर्ज गर्न खोजिरहेको देखिन्छ। यतिबेला लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान चलिरहेको छ। हरेक वर्ष नोभेम्बर २५ देखि डिसेम्बर १० सम्मको दिनलाई लैंगिक हिंसा विरुद्धको अभियानको रूपमा विश्वभर मनाउने प्रचलन रहेको छ। सोही अनुरूप नेपालले पनि विविध कार्यक्रम गरी मनाउने गरेको छ।

यस अभियानलाई अभियानकै रूपमा मात्रै सीमित नगरी हरेक परिवार र समाजले १६ दिन मात्रै होइन प्रत्येक दिनलाई अभियानका रूपमा लिई समाज रूपान्तरणमा लाग्नु जरूरी छ। परिवारले दिएको मूल्य समाजले घटाउन सक्दैन तसर्थ महिलाको क्षमताको पहिचान र त्यसको सम्मान गर्न परिवारबाट सुरु गर्नुपर्छ। अनि सबै जनताको जीवन, मर्यादा र भविष्यको मुख्य चासो लिने सामाजिक अभिभावक अर्थात् स्थानीय सरकार नै लैंगिक हिंसा निवारणका लागि संकल्पित हुनुपर्छ। राज्यले लिएका नीति कार्यान्वयन गर्ने निकाय तथा सरोकारवाला पक्षहरू जिम्मेवार बन्नु जरूरी छ। नीति होइन नियति फेरिनुपर्छ। हकअधिकारका कुरा किताबमा होइन, काममा देखिनुपर्छ।

### रौतहटको ...

गढीमाई नपाकै हर्दिया र धर्मपुर, गरुडा नगरपालिकाको गेडहीगुठी र गढीटोल, कटहरिया नगरपालिकाको बलिरामपुर र दुधियाभार, दुर्गा भगवती गाउँपालिकाको करबोल, वृन्दावन नगरपालिकाको धनगढी, माधवनारायण नपाको माधोपुर, फतुवा विजयपुरको बैरगनिया तथा गुजरा नगरपालिकाको कनकपुरमा पनि बलि दिइएको छ।

पहिलेदेखि आइतवार राँगा बलि र सोमवार बोका बलि दिइने बताइएको भएपनि रौतहटको १५वटै गढीमाई मन्दिरमा राँगा बलिसँगै सर्वसाधारणले बोका र परेवा बलि दिएका छन्। सोमवार पनि बोका र परेवा बलि दिइने गढीमाई मेला समितिका महेश साहले जानकारी गराएका छन्। गढीमाई ४ सुन्दरपुरमा ५१ राँगालाई बलि दिइएको र ५ राँगालाई कान काटेर सार्वजनिक रुपमा छाडिएको मेला आयोजक समितिले जनाएको छ। मेला समितिले बलिका लागि आएका सबै राँगालाई न्यानोमा खानापानीको उचित व्यवस्थापन गरेर राखिएको जनाएको छ। रौतहटका गढीमाई मेलाहरुमा हजारौँको संख्यामा बोका बलि दिइएको छ। अझ सोमवार बलि दिन बाँकी रहेकाले बलिको संख्या यकीन गर्न अप्ठ्यारो भएको मेला आयोजक समितिको भनाइ छ।

# न्यायाधीशको चासोमा रविको गुनासो– प्रहरीबाटै ज्यादती भयो

पोखरा, २३ मंसिर। पछिल्लो पटक काठमाडौं र चितवनमा बयान गराएर शुक्रबार रातारात पोखरा ल्याइएका रवि लामिछानेलाई आइतबार कास्की जिल्ला अदालतमा उपस्थित गराइयो। अदालतले ४ दिन हिरासतमै राखेर अनुसन्धान गर्न अनुमति दिएको छ। यसअघि १५ दिन म्याद थपेर काठमाडौं र चितवनमा बयान गराएर पोखरा ल्याइएपछि आइतबार कास्की अदालतमा प्रहरीले १३ दिनको समय मागेर रविलाई अदालत उपस्थित गराएको थियो। न्यायाधीश हिमलाल बेल्बासेको इजलासले रविलाई ४ दिन हिरासतमै राखेर अनुसन्धान गर्न म्याद थप गर्नुअघि रविलगायतको पछिल्लो अवस्थाबारे चासो राखे।

इजलासमा आइतबार रविसँगै पूर्वडिआइजीसमेत रहेका गोर्खा मिडियाका पूर्व उपाध्यक्ष छविलाल जोशी, जिबीसँग मिलेर रकम हिनामिना गरेको आरोपमा पक्राउ परेकी लिला पछाइलगायतले आफ्नो कुरा राखे। रविका तर्फबाट कानुन व्यवसायी वरिष्ठ अधिवक्ता सुशील पन्त, हरि सुवेदी र अधिवक्ता नारायण कँडेलले 'अन्याय भएको' भन्दै न्यायाधीशको ध्यानाकर्षण गराएका थिए। वरिष्ठ अधिवक्ता बेल्बासेले रविलाई चितवनबाट रातारात पोखरा ल्याइएको, बिरामी पर्दा अस्पतालसमेत नलगेको, परिवार र आफ्नो कानुन व्यवसायीलाईसमेत भेट्न नदिएको भन्दै मानव अधिकारीको गम्भीर उल्लंघन भएको बताए। त्यसलगत्तै न्यायाधीश बेल्वासेले पालैपालो रवि, छवि र पछाइको अवस्थाबारे सोधेका थिए।

रविले आइतबार अदालतमा दुई पटक बोले। एक पटक आफूमाथि प्रहरीले अभद्र व्यवहार गरेको, औषधी खानसमेत नदिएको, बिरामी हुँदा रातारात पोखरा ल्याइएको बताए भने अर्को पटक सहकारी पीडित कृष्ण जैसीले बोलेपछि फेरि समय मागे। रविले केही सहकारी अभियान्ताले आफूमाथि राजनीति गरेको आक्रोश उनले इजलासमै पोखे। इजलासमा रविले विशेषगरी भने, 'मलाई गाह्रो भएको छ। अस्पताल लगिदिनुस् भनेर पटक पटक आग्रह गरेँ। बयान सकिएपछि सुत्नका लागि तयार हुँदै थिएँ। त्यहाँका एसपीले आएर तपाईं पोखरा जानुपर्ने भयो भन्नुभयो।'

भोलिपल्ट बिहान बरू ७ बजे नै जाऔँला आज आराम गर्न दिनुस् भनेर



राजनीतिक प्रतिशोध साँधेको, कसरी हुन्छ आफूलाई सिध्याउने मानसिकता सरकारले राखेको बताए। राति ११/१२ बजे 'माथिको आदेश भन्दै मादक पदार्थ सेवन गरेका प्रहरीले झिंगलभ्याँगल पार्दै पोखरा ल्याइएको रविको दाबी थियो। 'पोखराबाट ३ दिन काठमाडौं लगियो। काठमाडौंमा हिरासतको चिसो कोठामा सुत्न सकिरहेको थिइनँ, निद्रा परेको थिएन। त्यहाँबाट लगत्तै चितवन ल्याइयो। ८/९ घन्टाको बयानमा मैले सहयोग गरेकै थिएँ। मेरो बिहानैदेखि टाउको दुखेको थियो,' रविले अदालतमा न्यायाधीशसँग आफूले पटक पटक आग्रह गरेको रविको भनाइ थियो। पोखरा होइन, आफूलाई अस्पताल लगिदिन आग्रह गरेको रविले बताए। 'मादक पदार्थ सेवन गरेका केही प्रहरीले आएर जबर्जस्ती उठाएर राख्न खोज्नुभयो, उहाँले मादक पदार्थ सेवन गर्नुभएको छ भनेँ। तपाईंहरूले मलाई कहाँ लैजाने हो, मेरो परिवार र कानुन व्यवसायीलाई फोन गर्ने अवसरमा दिन माग गर्न पनि सुनिएन र जबर्जस्ती गाडीमा राखियो,' रविले भनेका थिए। पोखरा आउनेबित्तिकै अस्पताल गएको र प्रेसर बढेको देखिएको भन्दै कागजातसमेत रविले अदालतमा देखाए। प्रतिशोधको भावनाले आफूलाई ज्यादती गरिएको, परिवारमाथि पनि तनाव दिइएको रविले बताएका थिए।

आफूले सहकारीको रकम हिनामिना नगरेको र अरुले गरेको गल्तीको भागीदार आफूलाई बनाइएको उनको भनाइ थियो। अहिलेसम्मको अनुसन्धानले नयाँ कुनै तथ्य नदेखाएको भन्दै आफूलाई गलाउनकै लागि देशैभरि डुलाउने, दुःख दिने काम भइरहेको इजलासमा रविले भनेका छन्। पूर्व डिआइजीसमेत रहेका गोर्खा मिडियाका छविलाल जोशीले आफूहरूलाई म्याद थप्दै हिरासतमै राख्नेमात्र भएको बताउँदै सरकारको असक्षमतामाथि प्रश्न उठाएका थिए। सरकारले जिबी राईलाई समातेर ल्याउने र ती सहकारी पीडितलाई न्यान दिन नसक्ने तर आफूहरूलाई थुनिराख्ने काम भएको उनको भनाइ थियो।

जिबीसँग जोडिएकै कारण आफूलाई थुनिएको आरोप लिला पछाइको थियो। 'सहकारीको रकम हिनामिनामा म कहीँ जोडिएको छैन। जिबीसँग मेरो व्यक्तिगत सम्बन्ध हो। जिबीलाई समातेर ल्याए, सबै थाहा भइहाल्छ,' लिलाले इजलासमा भनको भनाइ उद्धृत गर्दै अधिवक्ता युवराज पराजुलीले बताए। अर्का नेचर हर्ब्सका सञ्चालक रामबहादुर खनालको अवस्थाबारे पनि न्यायाधीश चासो राखे तर उनी भने बोलेनन्। जाहेरीवालाका तर्फबाट बहस गर्दै अभिवक्ता पराजुलीले मानव अधिकारको उल्लंघन रविका हकमा मात्र नभएको, रकम हिनामिना हुँदा धेरैको ज्यानै गएको, कतिको घरबाट बिग्रिएको, कति डिप्रेसनमा गएकाले हजारौं सहकारी पीडितको पनि मानव अधिकार उल्लंघन भएको बताएका थिए।

जाहेरवाला कृष्ण जैसीले हजारौं रवि गृहमन्त्री हुँदा आफूहरूको निवेदनसमेत प्रहरीले नलिएकाले रविलाई हिरासतमै राखेर अनुसन्धान हुनुपर्ने बताएका थिए। त्यसलगत्तै रविले सहकारी पीडितप्रति आक्रोस पोखेका थिए। केही सहकारी अभियान्ताले राजनीतिक दलको आडमा आफूलाई सिध्याउन खोजेको भन्दै आक्रोस पोखेका थिए। सरकारी वकिल कार्यालयका जिल्ला न्यायाधिवक्ता कमला काफ्ले, जिल्ला सहायक न्यायाधिवक्ता शान्तिदेवी शर्मा र विपिनराज तिवारीले विभिन्न व्यक्तिका बयान, प्राप्त कागजात, प्रमाणका हिसाबले पनि रविलाई अझै हिरासतमै राखेर अनुसन्धान हुनुपर्ने देखिएको बताएका थिए।

केही प्रमाण पुष्टि भएर आउने क्रममै रहेकाले म्याद थप्न माग गरेका थिए। गत कात्तिक २ गते रविलाई काठमाडौं पार्टी कार्यालयबाटै पक्राउ गरी पोखरा ल्याइएको हो। रविलाई हिरासतमा राखेर अनुसन्धान गर्नका लागि छैठौं पटक म्याद थपिएको छ। सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरणको मुद्धामा रविलाई अनुसन्धान भइरहेको छ। संसदीय समितिको प्रतिवेदनले पोखराको सूर्यदर्शन, बुटवलको सुप्रिम बचत तथा ऋण सहकारी संस्था, काठमाडौंको स्वर्णलक्ष्मी सहकारी संस्था, साहारा चितवन बहुउद्देश्यीय सहकारी संस्था, वीरगञ्जको सानो पाइला बचत तथा ऋण सहकारी संस्था र नेपालगञ्जको समानता सहकारीको रकम गोर्खा मिडियामा लगेर अपचलन गर्न रविको पनि संलग्नता देखाएको छ।

समितिकै सिफारिसअनुसार रविलाई सहकारी ठगी, सम्पत्ति शुद्धीकरण र संगठित अपराधको मुद्दामा पक्राउ गरी सम्पत्ति अनुसन्धान गरिरहेको छ। पक्राउ पुर्जी जारी भएका पोखरासँगै बुटवल, काठमाडौं र चितवनमा रविको बयान भइसकेको छ भने वीरगन्जमा पनि रवि, छविको पक्राउ पुर्जी भएको छ। अब रविलाई बयान लागि वीरगञ्ज पनि लगिनेछ। सूर्यदर्शन सहकारीबाट ५ करोड ५८ लाख ९ हजार रुपैयाँ गोर्खा मिडियामा गएको देखिन्छ। जीबी राई नेतृत्वको देशभरका सहकारीबाट ६५ करोड प्रत्यक्ष रुपमा गोर्खा मिडिया नेटवर्कमा गएको समितिको प्रतिवेदनले देखाएको छ। समितिले गोर्खा मिडियामार्फत रकम अपचलन भएको भन्दै जीवी, रवि, छविलाल र कुमार रम्तेललाई कारबाही गर्न सिफारिस गरेको थियो। त्यसमध्ये जीवी फरार छन् भने रवि र छविमाथि अनुसन्धान भइरहेको छ। झण्डै डेढ अर्ब अपचलन भएको सूर्यदर्शन सहकारीका कोषाध्यक्षसमेत रहेका कुमार रम्तेल भने पुर्पक्षका लागि कास्की कारागारमै थुनामा छन्।

# लुम्बिनीमाथि जनकपुरको एक रनको रोमाञ्चक जित

काठमाडौं, २३ मंसिर। हर्श थाकरले उत्कृष्ट बलिङ गर्दै ५ विकेट लिएपछि जनकपुर बोल्ट्सले नेपाल प्रिमियर लिग (एनपीएल) मा लुम्बिनी लायन्समाथि १ रनको रोमाञ्चक जित हात पारेको छ। थाकरले अन्तिम बलमा सन्दिप जोरालाई आउट गरेपछि जनकपुरले रोमाञ्चक जित हात पारेको हो। जनकपुरले दिएको १३७ रनको लक्ष्य पछ्याएको लुम्बिनीले २० ओभरमा ८ विकेट गुमाएर १३५ रन मात्र बनाउन सक्यो। लिगमा जनकपुरको यो लगातार चौथो जित हो। ४ खेलबाट ८ अंक जोडेर जनकपुर शीर्ष स्थानमा उक्लेको छ। अन्तिम बलमा लुम्बिनीलाई जितका लागि २ रन आवश्यक थियो। ठूलो सट हान्ने क्रममा जोरा किशोर महतोबाट क्याच आउट भए। लुम्बिनीका लागि कप्तान रोहित पौडेलले सर्वाधिक ३५ रन बनाए। टम मुर्सले ३१ र अर्जुन साउदले २० रन जोडे। सन्दिप जोराले ८ बलमा १६ रन बनाएपनि जित दिलाउन सकेनन्। जनकपुरको जितमा नाकय बनेका हर्श थाकरले उत्कृष्ट प्रदर्शन गर्दै ५ विकेट लिए। उनले ४ ओभरमा २३ रन खर्चिए।

ललित राजवंशी, शेर मल्ल र किशोर महतोले १–१ विकेट लिए। ललितले ४ ओभरमा १३ रन मात्र खर्चिए। त्यसअघि कीर्तिपुरस्थित टीयू मैदानमा टस हारेर पहिले ब्याटिङ गरेको जनकपुरले निर्धारित २० ओभरमा ८ विकेट गुमाएर १३६ रन बनाएको थियो। जनकपुरका लागि कप्तान अनिल शाहले सर्वाधिक ४५ रन बनाए। लाहिरु मिलान्थाले २४ र आसिफ शेखले १६ रन जोडे। शुभ कंसाकारले अविजित २२ रन बनाए। बलिङमा लुम्बिनीका लागि युवा स्पीनर अभिशेष गौतमले ४ ओभरमा २० रन खर्चेर ३ विकेट लिए। यस्तै कप्तान रोहित पौडेलले ४ ओभरमा २२ रन खर्चेर २ विकेट लिए। साद विन जफरले ३ ओभरमा १२ रन खर्चेर २ विकेट लिए। सन्दिप जोराले २ ओभरमा १३ रन खर्चेर १ विकेट लिए।

# पूर्वमन्त्री लीलाबल्लभविरुद्ध मुद्दा नचलाउने निर्णय सर्वोच्चबाट सदर

काठमाडौं, २३ मंसिर। कोशी प्रदेशका पूर्वमन्त्री लीलाबल्लब अधिकारीलाई मुद्दा नचलाउने सरकारी वकिल कार्यालयको निर्णय सदर गर्न सर्वोच्च अदालतले आदेश दिएको छ। वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीले दायर गरेको निवेदनको सुनुवाइ गर्दै न्यायाधीश कुमार चुडालको इजलासले कानुनबमोजिम गर्न आदेश गरेको हो। गत १० मंसिरमा जिल्ला सरकारी वकिलको कार्यालय, काठमाडौंले अधिकारीविरुद्ध मुद्दा नचल्ने निर्णय गरेको थियो। अधिकारीलाई मुद्दा नचल्ने भनी गरेको निर्णय बदनियतपूर्ण भएकाले तत्काल बदर हुनुपर्ने त्रिपाठीको माग थियो। पूर्वमन्त्री अधिकारी टोकियो महानगर र आर्ट काउन्सिल टोकियोले आयोजना गरेको एक कार्यक्रममा सहभागी हुन भन्दै ११ कात्तिकमा जापान उडेका थिए।

उनले असम्बन्धित व्यक्तिलाई आफूसँगै कार्यक्रममा लगेको आरोप लागेको थियो। उनीसँगै जापान गएका खोटाङको केपिलासलगढी गाउँपालिका–४ का ४१ वर्षीय जनक

–बाँकी अन्तिम पेजमा

# शाहरुख–सलमानसँग फिल्म खेल्न तयार छन् आमिर



नयाँ दिल्ली, २३ मंसिर। आफू शाहरुख खान र सलमान खानसँग एउटा फिल्ममा काम गर्न तयार रहेको बलिउड अभिनेता आमिर खानले बताएका छन्। तर, तीनै जना राम्रो स्क्रिप्टको पर्खाइमा रहेको पनि उनले बताए। सलमान र शाहरुखसँग आफूले ६ महिनाअघि सँगै फिल्म गर्ने कुरा गरेको पनि उनले रेड सी फिल्म फेस्टिभलमा बताए। '६ महिनाअघि कतै हामी सँगै थियौँ अनि यसबारे कुरा गरेका थियौँ। वास्तवमा म त्यति व्यक्ति थिएँ जसले यसबारे पहल गरेको थियो। मैले शाहरुख र सलमानलाई भनेको थिएँ कि हामी तीन जनाले एक साथ फिल्म खेलेनौँ भने यो साँच्चै दुःख हुनेछ,' आमिरको भनाइ थियो। बलिउडका तीन ठुला कलाकारलाई ठूलो पर्दामा सँगै देख्ने सम्भावना लामो समयदेखि फ्यानहरूबिच चर्चाको विषय बनिरहेको छ। आमिरका अनुसार शाहरुख र सलमान पनि यसका लागि तयार छन्।

**सही कथाको पर्खाई**

'तीन जनाले सँगै फिल्म गर्नुपर्छ भन्ने महसुस हामी सबैले गरेका छौँ। आशा छ यस्तो छिट्टै हुनेछ। तर यसका लागि सही खालको कथाको आवश्यकता छ। यही कारणले हामी सही स्क्रिप्ट पर्खिरहेका छौँ,' आमिरले भनेका छन्।

**पहिला पनि देखाएका थिए सँगै काम गर्ने इच्छा**

यसअघि पनि आमिरले शाहरुख र सलमानसँग काम गर्ने इच्छा व्यक्त गरेका थिए। 'द ग्रेट इन्डियन कपिल शो'को एउटा एपिसोडमा एक जना फ्यानले आमिरलाई सलमान र शाहरुखसँग फिल्म खेल्नेबारे सोधेका थिए। यसको जवाफमा अभिनेताले भनेका थिए, 'तिमी र मेरो सोच उस्तै छ। मैले भर्खरै ती दुबैलाई भेटेँ अनि उनीहरूलाई भने – हामी तीन जना फिल्म उद्योगमा आएको यतिका वर्ष भयो। करियरको यति लामो अवधिमा हामीले एक साथ फिल्ममा खेल्न नसक्नु नसक्दा दर्शकका लागि कत्ति गलत होला। एउटा फिल्म त गर्नै पर्छ।'

आमिर खान यतिबेला 'लाहोर १९४७' को निर्माणमा व्यस्त छन्। यो फिल्मका निर्देशक राजकुमार सन्तोषी हुन्। यस फिल्मको मुख्य अभिनेता सनी देओल रहेका छन्। आमिरले अर्को फिल्म पनि बनाइरहेका छन्। यसमा उनका छोरा जुनैद खान र दक्षिण भारतीय अभिनेत्री साई पल्लवी मुख्य भूमिकामा छिन्।–एजेन्सी

# काठमाडौं महानगरले अब आफैँ तरकारी र खाद्यान्नको व्यापार गर्ने !



काठमाडौं, २३ मंसिर। काठमाडौं महानगरपालिकाले अब तरकारी र खाद्यान्नको व्यापार गर्न सक्ने भएको छ। महानगरपालिकाको ३७औं कार्यपालिका बैठकले 'एग्रो पुलिङ कार्यविधि, २०८१' स्वीकृत गरेसँगै महानगरलाई व्यापारको बाटो खुलेको हो। कार्यविधिअनुसार, महानगरले कृषि उत्पादनका पकेट क्षेत्र पहिचान गरिएका स्थानीय तहसँग अर्गानिक खाद्यवस्तु उत्पादन गर्ने र वितरणका लागि महानगरभित्रका कृषि सहकारी वा कम्पनीसँग सम्झौता गर्नेछ। कार्यविधिमा महानगर आफैँले पनि खाद्यान्न तथा तकारी व्यापारका लागि कम्पनी खोल्न सक्ने व्यवस्था गरिएको छ। उत्पादकले गुणस्तरीय खाद्यान्न उत्पादन गर्ने, गुणस्तर परीक्षण गर्ने र महानगरपालिकामा भएको वितरकसम्म ढुवानी गर्ने काम गर्नेछ। उत्पादन, प्रशोधन तथा ढुवानीमा लाग्ने खर्च सम्बन्धित पालिकाले स्वीकृत गरेको दरमा गर्नुपर्नेछ। महानगरपालिकाले 'प्रविधि', 'अनुदान', 'जनशक्ति' र 'भौतिक सामान' सहयोग उपलब्ध गराउन सक्ने व्यवस्था कार्यविधिमा गरिएको छ।

पकेट क्षेत्रमा उत्पादन हुने वस्तुलाई विभिन्न आठ समूहमा बाँडिएको छ। समूहमा गुण मिल्ने अन्य खाद्यवस्तु समावेश हुन सक्ने व्यवस्था छ। यसअनुसार चामल, गहुँ, मकै, कोदो फापर एउटा समूहमा छन्। मास, मुसुरो, रहर र मुङ दाल दोस्रो समूहमा छन्। तेस्रो समूहमा सिमी, भटमास, गहत र बोडी राखिएको छ। आलु, तरुल, पिँडालुजस्ता खाद्यान्न चौथो समूहमा छन्। यसैगरी, लसुन, प्याज, अदुवा, बेसार, खुर्सानी, टिमुर पाँचौं समूहमा छन्। छैटौं समूहमा तेल, घिउ र दुग्धजन्य पदार्थ छन्। माछा, अन्डा, कुखुरा, खसी र राँगाको मासु सातौं समूहमा छन्। मौसमी हरियो तरकारी र फलफुल आठौं समूहमा राखिएको छ। यी खाद्यान्न उत्पादन हुने ठाउँ पकेट क्षेत्र हुन सक्नेछन्।

एग्रो पुलिङ महानगरपालिकाको स्वर्णिम योजना हो। अन्य पालिका र साझेदारसँगको सहकार्यमा महानगरवासीलाई गुणस्तरीय, स्वच्छ, ताजा खाद्यान्न तथा कृषिजन्य उत्पादन उचित मूल्यमा उपलब्ध गराउन उत्पादन तथा विक्री वितरण गर्ने व्यवस्था कार्यविधिमा समेटिएका छन्। वितरकले महानगरपालिकाले स्वीकृत गरेको दररेटमा सामान विक्री वितरण गर्नेछ। खाद्यान्न भण्डारण गर्ने, गुणस्तर परीक्षण गर्ने, प्याकेजिङ गर्ने, लेबलिङ गर्ने र विक्री वितरण गर्ने काम वितरकको हुनेछ। यसबाट किसानहरूले उचित मूल्य पाउने र उपभोक्ताले गुणस्तरीय खाद्यान्न प्राप्त गर्ने अवस्था सुनिश्चित हुने महानगरको विश्वास छ।

# संक्रमणकालीन न्याय पदाधिकारीमा पूर्वाग्रही भएर संक्षिप्त सूची बनाएको आरोप

काठमाडौं, २३ मंसिर। संक्रमणकालीन न्याय सम्बन्धी दुवै आयोगका पदाधिकारीको संक्षिप्त सूची पूर्वाग्रही भएर तयार गरिएको एक आवेदकले आरोप लगाएका छन्। दुवै आयोगमध्ये कुनै एकको सदस्यका लागि आवेदन दिएका श्रीराम अधिकारीले संक्षिप्त सूचीमा असन्तुष्टि जनाउँदै आइतबार सिफारिश समितिमा निवेदन दिएका छन्। सूचनाको हक बमोजिम विवरण उपलब्ध गराउन माग गर्दै दिएको निवेदनमा पूर्वाग्रही भएर संक्षिप्त सूची तयार गरिएको उल्लेख छ। उनले आफ्नो नाम बदनियतपूर्वक संक्षिप्त सूचीमा नराखिएको आरोप लगाएका छन्। 'समितिको कामकारबाही पारदर्शिता, मेरिटोक्रेसी, जवाफदेहीको अनुकूल नभएको, सक्षम र योग्य आवेदकलाई प्रस्तुतीकरण गरी प्रतिस्पर्धा गर्ने अधिकारबाटै वञ्चित गराएकोले प्रत्येक नागरिकको सार्वजनिक सेवामा सहभागी हुने र प्रतिस्पर्धामा भाग लिन पाउने अधिकारबाटै मलाई बदनियतपूर्वक वञ्चित गराइयो,' आवेदक अधिकारीले भनेका छन्, 'पूर्वाग्रही भावनाबाट प्रेरित भई समितिको कामकारबाही योग्यता प्रणाली विपरीत प्रियतावादबाट भएको प्रस्ट छ।'

यसबाट भविष्यमा पीडितको न्यायप्राप्तिमा गम्भीर असर पुग्ने उनले जनाएका छन्। यसले सिफारिश समितिको विश्वसनीयतामा, पारदर्शितामाथि गम्भीर प्रश्न खडा गरेको जनाउँदै यो कार्य रद्द गरेर पुनः छनोट प्रक्रिया शुरू गर्न पनि उनले माग गरेका छन्। यसअघि पनि अधिकारीले आयोगको पदाधिकारीका लागि आवेदन दिएका थिए। २०७४ सालमा आयोगका पदाधिकारीको संक्षिप्त सूचीमा उनको नाम पनि परेको थियो। उनले सशस्त्र द्वन्द्वका समयमा राज्यपक्ष र विद्रोही पक्षबाट भएका गम्भीर मानव अधिकार उल्लंघनका घटनाको अनुसन्धानको नेतृत्व गरेका थिए। सशस्त्र द्वन्द्वको प्रकृति र प्रवृत्तिबारे पनि उनले अध्ययन प्रतिवेदन तयार गरेका थिए।

त्यस्तै, उनले संयुक्त राष्ट्रसंघीय मिसनमा काम गरेका थिए। दक्षिण सुडानमा द्वन्द्वकालीन घटनाको अनुसन्धान गरी संक्रमणकालीन न्यायका लागि डिजिटल डेटाबेस तयार गरी संक्रमणकालीन आयोगको विविध दस्तावेजको मस्यौदा तयार पार्ने कार्यक्रममा पनि संलग्न रहेका थिए। तर अहिले उनको नाम संक्षिप्त सूचीमा पनि राखिएको छैन। सिफारिश समितिले मंसीर २२ मा आयोगको अध्यक्षका लागि आठ जनाको र सदस्यका लागि ३२ जनाको संक्षिप्त सूची सार्वजनिक गरेको थियो।

# १८ वर्षदेखि एउटै कानुनमा टेकेर संसद् चलाउनुपर्ने बाध्यता छ : सभामुख घिमिरे

काठमाडौँ, २३ मंसिर। सभामुख देवराज घिमिरेले १८ वर्षदेखि एउटै कानुनमा टेकेर संसद् चलाउनुपर्ने बाध्यताका कारण संसद् सेवा प्रभावकारी हुन नसकेको बताएका छन्। आइतबार १८ औं संसद् सेवा दिवसको अवसरमा आयोजित कार्यक्रममा बोल्दै उनले यस्तो बताएका हुन्। सभामुख घिमिरेले संविधान जारी नभएको र मुलुक संघीयतामा नगएको अवस्थामा बनेको कानुनमै टेकेर संसद् चलिरहेको उल्लेख गर्दै उक्त कानुनलाई समयसापेक्ष बनाउन आवश्यक रहेको बताए। सांसदहरू आफू कानुन बनाउनुको सट्टा सरकारको मुख ताकिरहने प्रवृत्तिको कारणले कानुन निर्माणमा समस्या हुने गरेको उनको भनाइ छ। उनले नेपालको संसदीय उपलब्धि र अभ्यासहरू अन्य देशको सांसदसँग तुलना गर्न नमिल्ने पनि बताए। संसद् सेवालाई थप प्रभावकारी बनाउन कानुनी रूपमा अघि बढ्न जरुरी रहेको उल्लेख गर्दै



उनले त्यसका लागि १८ औं संसद् सेवा दिवसले प्रेरित गर्ने विश्वास व्यक्त गरे।

कार्यक्रममा बोल्दै प्रतिनिधि सभाकी उपसभामुख इन्दिरा रानाले संसद्लाई प्रभावकारी बनाउन संसद् सचिवालयका कर्मचारीहरूको महत्त्वपूर्ण भूमिका हुने बताइन्। उनले सांसदहरूको क्षमता अभिवृद्धि गर्नुपर्ने कुरालाई आत्मसाथ गर्दै कर्मचारीहरू अघि बढ्नुपर्ने बताइन्। हालै संसदमा प्रवेश गर्ने सांसदहरूलाई संसदमा के गर्न हुन्छ र के गर्न हुँदैन भन्ने ज्ञान नहुने भएकाले यस विषयमा कर्मचारीको सक्रियता महत्त्वपूर्ण हुने उनको भनाइ छ।

# फेरि बढ्यो सिमेन्टको मूल्य

काठमाडौं, २३ मंसिर। बजारमा सिमेन्टको मूल्य फेरि बढेको छ। निर्माण क्षेत्रको सिजन सुरू भएसँगै उद्योगीहरूले सिमेन्टको मूल्य बढाएका हुन्। पछिल्लो समय प्रतिबोरा ३० देखि ५० रूपैयाँसम्मले सिमेन्टको मूल्य बढेको नेपाल निर्माण सामग्री व्यापार संघ काठमाडौंले जानकारी दिएको छ। संघका अनुसार गत शुक्रबारदेखि लागू हुने गरी ओपिसी सिमेन्टमा प्रतिबोरा ३० रूपैयाँ र पिपिसी सिमेन्टमा प्रतिबोरा ५० रूपैयाँले मूल्य वृद्धि भएको हो। कात्तिकदेखि सिमेन्ट उत्पादक कम्पनीहरूले सिमेन्टको मूल्य बढाउँदै लगेका छन्। एक महिनाको अवधिमा सिमेन्टमा डेढसय रूपैयाँभन्दा बढी मूल्य वृद्धि भइसकेको छ। दसैंअघि बजारमा उपभोक्ताका लागि पिपिसी सिमेन्टको मूल्य काठमाडौंमा प्रतिबोरा पाँच सय रूपैयाँदेखि पाँच सय २५ रूपैयाँसम्म थियो। त्यस्तै, ओपिसी सिमेन्ट ६ सयदेखि ६ सय २५ रूपैयाँसम्म थियो।

गत साता शुक्रबारदेखि लागु हुनेगरी पुनः मूल्य बढेपछि अहिले बजारमा पिपिसी सिमेन्टको मूल्य काठमाडौंका ग्राहकका लागि प्रतिबोरा ६ सय ५० रूपैयाँदेखि सात सय रूपैयाँसम्म छ। त्यस्तै, ओपिसी सिमेन्ट सात सय ३० देखि सात सय ८० रूपैयाँसम्म पुगेको छ। सिमेन्टको मूल्य वृद्धि हुँदा उपभोक्ता मारमा परेका छन्।


## सुरक्षित अन्न भण्डारण गरौं

- भण्डारण गर्नुभन्दा पहिला अनाजलाई राम्ररी सुकाऔं,
- अन्नलाई सफा, सुख्खा, कम आऽता भएको ठाउँमा राखौं,
- भकारी वा अन्न राखेको भाडोलाई भुईमा नराखौं, काठ वा ल्याकमाथि राखौं,
- स्टिल वा टिनका भाडाँमा अन्न ओसिन नदिन भित्रबाट पेन्ट गरेर मात्र राखौं,
- भण्डारण गर्ने कोठामा हावाको राम्रो बन्दोबस्त मिलाऔं,
- अन्न भण्डारको समय-समयमा निगरानी गरौं,
- अन् भण्डारमा लाग्ने घुन, किराहरुको ब्यवस्थापनका लागि रसायनिक विषादीको साटो स्थानीयस्तरमा उपलब्ध हुने जैविक प्रविधिको प्रयोग गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


# गढीमाई मेला : श्रद्धा, आस्था र परम्परागत संस्कृतिको संगम

**ध्रुब अधिकारी**

वीरगञ्ज, २३ मंसिर। पञ्चवर्षीय गढीमाई मेला २०८१ आज चरम उत्कर्षमा पुगेको छ। बाराको गढीमाई मन्दिर परिसरमा आज नेपाल भारत लगायत विभिन्न देशबाट लाखौं श्रद्धालु भक्तजनहरूको उपस्थिति रहेको छ। गढीमाई मेला श्रद्धा, आस्था, र परम्परागत संस्कृतिको संगम बन्न पुगेको छ। मेला स्थलमा विभिन्न धार्मिक अनुष्ठान, पूजा, र सांस्कृतिक कार्यक्रमहरू भइरहेका छन्। भक्तजनहरूको भिड र उनीहरूको आस्थाले गढीमाईलाई नेपालकै मात्र नभई अन्तर्राष्ट्रिय श्रद्धाको केन्द्र बनाएको छ। भारतलगायत विभिन्न देशबाट आएका तीर्थयात्रीहरूले मेलालाई थप आकर्षक बनाएको छ। यसपटकको मेलामा सुरक्षाको विशेष व्यवस्था, सरसफाइ अभियान, र मेलाको व्यवस्थापन थप प्रभावकारी बनाइएको छ। बाराको बरियारपुरमा लागेको प्रसिद्ध गढीमाई मेलामा दर्शनार्थीहरुको भिड सँगै विभिन्न प्रदर्शनी, साँस्कृतिक र्‍याली, झाँकी जुलुस, भजन कीर्तनले मेलालाई थप रौनक बनाएको छ। मेला मनाउनका लागि गढीमाई क्षेत्रमा बाराका स्थानीय तहले गत शुक्रबारदेखि लागु हुने गरी चार दिनकालागि सार्वजनिक बिदा दिएका छन्।

त्यसैगरी मधेस प्रदेश सरकारले समेत आज प्रदेशभर सार्वजनिक बिदा दिएको थियो। मेलामा दर्शनार्थीको सहजताका लागि सुरक्षा व्यवस्था, बिजुली बत्ती, सिसी क्यामरा, शौचालय, पार्किङ, खानेपानी लगायतको व्यवस्थापन मिलाएको मेला मूल समितिका प्रवक्ता विजय स्वर्णकारले बताउनुभयो। मेलामा सादा पोसाकसहितका २ हजार ५ सय भन्दा बढी सुरक्षाकर्मी समेत परिचालन गरिएको छ।

यसैबीच आज मेला स्थलमा पुग्नु भएका खानेपानीमन्त्री प्रदीप यादवले पञ्चवर्षीय गढीमाई मेलामा आउने श्रद्धालु भक्तजनलाई चौबिसै घण्टा शुद्ध एवम् स्वच्छ खानेपानी सहित आधारभूत सेवा उपलब्ध गराउन निर्देशन दिनुभएको छ। मेला अवधिभर शुद्ध एवम् स्वच्छ खानेपानी वितरण गरिने खानेपानी संस्थान बारा कलैया शाखाले जनाएको छ।

## पूर्वमन्त्री...

राई, खोटाङको ऐसेलुखर्क गाउँपालिका-२ का ३७ वर्षीय दावा शेर्पा र रसुवाको कालिका गाउँपालिका-५ का २१ वर्षीय कञ्चन देवकोटा नारिता विमानस्थलको अध्यागमनमा केरकारमा परेका थिए। जापानको अध्यागमनले मन्त्री अधिकारीसहित तीन जनालाई नै डिपोर्ट गरिदिएको थियो। सो घटनामा थप अनुसन्धान गर्न प्रहरीले मन्त्री अधिकारीलाई कात्तिक २५ गते विराटनगरबाट पक्राउ गरेको थियो। सोही घटनामा अन्य ११ जनाविरुद्ध भने मुद्दा दायर भएको थियो।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक/सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **प्रवन्धक** : नविन यादब, कानुनी सल्लाहाकार :कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)